नेपाल सरकार

पाना नं.:

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# राष्ट्रिय किताबखाना (निजामती)

मिति:- २०७७।०५।२५

विषय:- सूचना

## टिप्पणी र आदेश

श्री राष्ट्रिय किताबखाना (निजामती )बाट जारी भएको अन्य सेवाका कर्मचारीहरुको सिटरोल दर्ता तथा अभिलेख व्यवस्थापन सम्बन्धी सुचना

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७।०४।२६ को निर्णय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत समय समयमा भएको निर्देशन समेतका आधारमा स्थानीय तहका अन्य सेवाका कर्मचारीहरुको सिटरोल दर्ता तथा वैयक्तिक विवरण अद्यावधिक गर्ने कार्यको सम्पुर्ण जिम्मेवारी स्थानीय तहहरुलाई नै तोकिएको भएता पनि स्वीकृत सिटरोलको ढाँचामा कर्मचारी संकेत नम्बर राष्ट्रिय किताबखाना निजामतीले भर्ने ,विभागिय प्रमुख वा अधिकार प्राप्त अधिकृतले प्रमाणीत गर्ने जस्ता शब्दहरुको प्रयोगबाट भ्रम सृजना भई स्थानीय तहका अन्य सेवाका कर्मचारीहरु सिटरोल भरी प्रमाणीत गर्ने प्रयोजनको लागि यस विभागमा नै आउने गरेको देखिएकोले पछि निर्माण हुने कानूनले सिटरोलको ढाँचा तोकेको बखत सोही बमोजिमनै हुनगरी हाललाई सिटरोलको ढाँचामा केही भाषिक त्रुटी रहे पनि त्रुटीलाइ शुद्धिकरण गर्दै कर्मचारीको लागत र समय बचतको लागि हाल कार्यान्वयनमा रहेको सिटरोलको भाषिक त्रुटिलाइ सम्बोधन गर्दै स्थानीय तहका अन्य सेवाका कर्मचारीहरुको सिटरोल दर्ता प्रमाणीत तथा अभिलेख व्यवस्थापनको कार्य यस विभाग बाट उपलब्ध गराईने युजर आईडी तथा पासवर्ड बमोजिम सम्बन्धित पालिकाहरु बाट नै गर्नु गराउनुहुन यसै सुचना मार्फत जानकारी गराईन्छ ।

२०७७।०५।२५